

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

**चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।**

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**रू. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै**

**तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज ७ गते शुक्रबार ❑ 23 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## बेगनास-रुपा पम्प जलासययुक्त जलविद्युत् आयोजना सम्पन्न गर्न २० अर्ब लाग्ने

**पोखरापत्र संवाददाता**

**पोखरा, ६ असोज**

नेपाल विद्युत् प्रधिकरण, इञ्जीनियरिङ सेवा निर्देशनालय आयोजना विकास विभागले पोखराको लेखनाथस्थित बेगनास-रुपा पम्प जलासययुक्त जलविद्युत् आयोजना सञ्चालन गर्नका लागि हालसम्म गरिएको वातावरण तथा सामाजिक अध्ययन प्रगति विवरण सार्वजनिक गरेको छ।

विभागले वातावरण तथा सामाजिक क्षेत्रमा हालसम्म भएका अध्ययन प्रगतिका बारेमा बुधबार पोखरामा सरोकारवालासँग अन्तर्क्रियात्मक कार्यक्रम गरी सार्वजनिक गरेको हो । नेपालमै पहिलो प्रयोगमा बेगनास-रुपा पम्प जलासययुक्त जलविद्युत् आयोजना सञ्चालन गर्नका लागि प्राधिकरणको रु २० अर्ब खर्च लाग्ने प्राधिकरणका उपनिर्देशक रामजी भण्डारीले जानकारी दिनुभयो।

उक्त जलासययुक्त आयोजनाबाट एक सय ५० मेगावाट जलविद्युत् उत्पादन हुने जानकारी सो अवसरमा दिइएको थियो । विसं २०७४ मा सरकारबाट सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी प्राधिकरणले जलविद्युत् सञ्चालन गर्न वातावरणीय तथा सामाजिक अध्ययन कार्य अगाडि बढाएको थियो। बेगनास तालमा भइरहेको पानीको सतहलाई एक मिटर बढाइ सङ्कलित गरिएको पानीलाई एक किलोमिटर सुरुङ मार्गमार्फत रुपातालको छेउमा विद्युत्गृह निर्माण गरी गृहबाट निस्केको पानी रुपातालमा लगेर खसाल्ने र पुनः रुपातालको पानी पम्पमार्फत बेगनासमा नै ल्याइने योजनाका साथ प्राधिकरण निर्माणमा अगाडि बढेको छ।

उक्त आयोजनाबाट 'पिकआवर' अर्थात साँझको समयमा दैनिक चार घण्टा विद्युत् निकाल्न सकिन्छ, यसले पिकआवरमा हुने विद्युत् अभावलाई केही मात्रामा सहयोग पुऱ्याउने जानकारी प्राधिकरणका प्राविधिक प्रकाश गौडेलले जानकारी दिनुभयो । बेगनास तालभन्दा रुपातालमा रहेको पानीको सतह ६८ मिटर गहिराइमा भएकाले रुपातालमा विद्युत्गृह सञ्चालन गर्न सजिलो भएको छ। दैनिक अधिकतम साँझ ५ बजेदेखि ९ बजेसम्म विद्युत् उत्पादन गर्न सकिने र यस समयमा बेगनासको पानीको सतह एक मिटरले कम हुने छ राति १२ देखि भोलिपल्ट बिहान ४ बजेसम्म रुपातालमा जम्मा भएको पानी पुनः बेगनासतालमा पम्पमार्फत तानिने छ। बेगनास भन्दा रुपाताल सानो भएकाले बेगनासको पानीको सतहभन्दा एक मिटरमाथिको पानी रुपामा अहिले भइरहेको पानीको सतहभन्दा तीन मिटर उचाइमा पुग्ने छ । अन्तर्क्रिया कार्यक्रममा सहभागी अधिकांश सरोकारवाला निकायका व्यक्तिले वातावरणीय तथा सामाजिक प्रभाव नहुने गरी जलविद्युत् आयोजना सञ्चालनमा ल्याउन आग्रह गरेका थिए । स्थानीय सरकोकारवाला समेत रहेका पूर्व स्वास्थ्य तथा गृहमन्त्री खगराज अधिकारीले जलचरमा पर्ने असरलाई कम गर्दै तालबाट हुने सिँचाइ, डुङ्गा व्यवसायी तथा स्थानीयवासीलाई असर नपुग्ने गरी आयोजना सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

प्राधिकरणले आफ्नो स्वार्थभन्दा पनि स्थानीयवासीको स्वार्थलाई मध्यनजर गर्दै आयोजना अगाडि बढाउनुपर्ने र प्राधिकरणले ठाउँठाउँमा पानीको फोहरा राखेर बेगनासमा पर्यटकलाई एक रात बिताउने गरी संरचना पनि खडा गरिदिनुपर्नेमा उहाँले जोड दिनुभयो। गण्डकी प्रदेश सरकारका पर्यटन, उद्योग तथा वाणिज्यमन्त्री मणिभद्र शर्मा कँडेलले स्थानीय जनताको सहमति र उनीहरूलाई नै रोजगारीमा सहभागी गराई आयोजना सञ्चालन गर्न आग्रह गर्नुभयो।

गण्डकी प्रदेशका ऊर्जा सचिव डा सन्तोष कैनीले 'पीक आवर'का समयमा विद्युत् उत्पादन गर्नका लागि भनेर आयोजनाले घाटाको योजना सञ्चालन गर्न नहुने बताउनुभयो। स्थानीयवासी तथा रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले विद्युत् आयोजनाका नाउँमा बस्ती नै डुब्ने सिञ्चाइ नै बन्द हुने किसिमबाट आयोजना सञ्चालन हुन नुहने बताउनुभयो। साथै उहाँले वातावरणीय असर केही पनि नहुने किसिमबाट योजना सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। स्थानीय सरोकारबाला तथा बेगनास सिञ्चाइ सरोकार समितिका पूर्व अध्यक्ष पुष्पराज भण्डारीले बेगनास तालको पानीले आठ सय ८० हेक्टर जमिन सिँचाइ भएको र विद्युत् आयोजना सञ्चालन हुँदा स्थानीय उपभोक्ता सिँचाइबाट बञ्चित हुन नहुने बताउनुभयो।

## वडा नं. २६ मा चाडपर्व लक्षित शान्ति सुरक्षाका विषयमा छलफल

**पोखरापत्र संवाददाता**

**पोखरा, ६ असोज**



पोखरा महानगरपालिका वडा नं २६ वडा कार्यालयले चाडपर्व लक्षित शान्ति सुरक्षाका बिषयमा सरोकारवालहरुसँग बिहिबार छलफल कार्यक्रम गरेको छ।

कार्यक्रममा इलाका प्रशासन कार्यालय लेखनाथका प्रमुख कमलराज भण्डारीले चाडपर्वको समयलाई मध्यनजर गर्दै विशेष सुरक्षा व्यवस्था मिलाउन सुरक्षाकर्मीलाई आग्रह गरे। उनले उपभोक्ताहरु चाडपर्वमा बढी ठगीन सक्ने भन्दै सचेत हुनु पर्नेमा जोड दिए । उपभोक्ताहरु बजारमा अखाद्य बस्तुको बिक्री बितरण, कम गुणस्तरिय सामाग्री र चर्को मुल्यको मारमा पर्न सक्ने भन्दै बजार अनुगमनलाई तिव्रता दिन समेत आग्रह गरे । इलाका प्रहरी कार्यालय डाँडाको नाक कास्कीका प्रमुख प्रहरी नायब उपरिक्षक प्रकाश दाहालले चाडपर्वमा लामोसमयसम्म घरवाहिर रहने, घरमा चावी लगाएर लामो विदा परिवार सहित घुम्न जाँदा चोरीका घट्ना बढ्न सक्ने उल्लेख गरे । दाहालले चोरी र अपराधका घट्ना नियन्त्रण गर्न समुदाय र प्रहरीका विचमा सहकार्य हुनु पर्नेमा जोड दिए । अपराध नियन्त्रणका लागि वित्तिय संस्था, बढी भिडभाड र आर्थिक कारोबार हुने व्यवसाय, चोकहरुमा सिसि क्यामेरा जडान गरी निगरानी गर्नु पर्नेमा जोड दिए । कार्यक्रममा पोखरा महानगरपालिका वडा नं २६ का वडाध्यक्ष नरेन्द्र थापाले वडावासी र व्यवसायको सुरक्षाका लागि स्थानीय प्रशासनसँग सहकार्य गरेर अघि बढ्ने उल्लेख गरे। उनले सवै बित्तिय संस्था र व्यवसायीहरुले सिसि क्यामेरा जडान गरेर संभावित अपराध नियन्त्रणमा सहयोग गर्न आग्रह गरे । चाडपर्व लक्षित गरी वडा कार्यालयले सार्वजनिक स्थल, चोक, मठमन्दिर, मुख्य राजमार्ग र भित्री बजार तथा सडकहरुमा पनि निगरानी बढाईने उल्लेख गर्दै, वडाको अभियानमा सहयोग गर्न व्यवसायीहरुलाई आग्रह गरे। राजमार्गमा हिट एण्ड रनका घट्ना हुने गरेको उल्लेख गर्दै, त्यस्ता घटनाका दोषी पत्ता लगाउन पनि सिसि क्यामेरा प्रभावकारी हुने बताए । उज्यालो वडाका लागि महानगरपालिका र विद्युत वितरणकेन्द्र सँग समन्वय भैरहेको समेत अध्यक्ष थापाले त्यस अवसरमा जानकारी दिए।

कार्यक्रममा लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयले बजार व्यवस्थापन समितिले स्थानीय प्रशासन र वडासँग सहकार्य गरी बजार सुरक्षा योजना बनाउनु पर्नेमा जोड दिए। कार्यक्रममा सहभागीहरुले बजारका समस्या, सुरक्षा चुनौती र सहकार्यका क्षेत्रका बिषयमा आफ्ना धारणाहरु राखेका थिए।

वडाध्यक्ष नरेन्द्र थापाको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य तिर्थबहादुर राजभाट, सुदिपराज ढुंगाना, लक्ष्मीदेवी भट्टराई, सुजता बराल सुनार, वडासचिव मिना भट्टराई भण्डारीले लगायतले बोलेका थिए। पोखरा महानगरपालका वडा नं. २६ स्थायी घर भई ईलाका प्रशासन कार्यालय लेखनाथमा सरुवा भएर आएका कार्यालय प्रमुख कमलराज भण्डारी र हंसपुर इलाका प्रहरी कार्यालय डाँडाको नाकमा सरुवा भै आएका प्रहरी नायव उपरिक्षक प्रकाश दाहाललाई सम्मान गरिएको थियो।

## ब्याजदर वृद्धिको निर्णय फिर्ता लिन होटल संघको माग

**पोखरापत्र संवाददाता**

**पोखरा, ६ असोज**

बैंक तथा वित्तीय संस्थाहरुले यही असोज १ गतेदेखि लागू हुने गरी गरेको ब्याजदर वृद्धिको निर्णय फिर्ता लिन होटल संघ पोखरा नेपालले माग गरेको छ।

कोभिड १९ बाट थला परी भर्खर उठ्ने प्रयास गर्दै गरेको पर्यटन क्षेत्रका लागि ब्याजदर वृद्धिको निर्णय थप पीडादायी भएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जनाएका छन् । बैंक तथा वित्तीय संस्थाको उक्त कदमले निक्षेपमा ब्याज बढ्दा कर्जाको ब्याजदर पनि उच्च तहमा पुग्ने र व्यवसायमा जोखिम थपिने मात्र नभई बन्द नै हुने अवस्था सिर्जना हुने उल्लेख गरिएको छ । ब्याजदर वृद्धिले मुद्रास्फीतिमा समेत चाप पर्ने भन्दै संघले ब्याजदर वृद्धिविरुद्ध सरकार र नेपाल राष्ट्र बैंकले विशेष कदम चाल्नुपर्ने माग गरेको छ।

ब्याजदर बढ्दा उत्पादन र सेवाको लागत बढ्ने मात्र नभई सर्वसाधरण समेत महंगीको मारमा पिल्सिने अवस्था सिर्जना हुने जनाउँदै संघले राहात खोजिरहेको पर्यटन क्षेत्रका लागि ब्याजदर वृद्धिले आहात थप्ने काम गरेको अध्यक्ष सुवेदीले जनाए । 'ब्याजदर वृद्धिले अर्थतन्त्रमा पनि असन्तुलन पैदा गर्ने छ,' अध्यक्ष सुवेदीले भने- अहिलेको असहज अवस्थामा गरिएको ब्याजदर वृद्धिको निर्णय तत्काल स्थगित गर्न आग्रह गर्दछौं।'

## सुरक्षा निकायका प्रमुखबीच निर्वाचन सुरक्षा विषयमा छलफल

**रासस**

**पोखरा, ६ असोज**

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९ का सम्बन्धमा सैनिक मुख्यालय जङ्गी अड्डामा मुलुकका चारवटै सुरक्षा निकायका प्रमुखबीच छलफल भएको छ।

उहाँहरुबीच समसामयिक समग्र सुरक्षा अवस्थाको समीक्षा गर्दै विशेषतः आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनलाई शान्तिपूर्ण ढङ्गले सफलतापूर्वक सम्पन्न गर्न आवश्यक सुरक्षा व्यवस्थाका बारेमा छलफल र अन्तर्क्रिया भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

छलफलमा प्रधानसेनापति प्रभुराम शर्मा, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल तथा राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा सहभागी हुनुहुन्थ्यो । निर्वाचन स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं भयरहित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट सुरक्षा निकायलाई प्राप्त जिम्मेवारी केन्द्रीय, प्रादेशिक र स्थानीय तहमा आपसी समन्वय र सहकार्यका साथ प्रभावकारीरुपमा कार्यान्वयन गर्नेलगायतका विषयमा छलफल भएको थियो।

## एशियन फोरमको केन्द्रिय अध्यक्षमा श्रीकृष्ण अधिकारी

**पोखरापत्र संवाददाता**

**पोखरा, ६ असोज**

वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरुको साझा संस्था एसिया मानव अधिकार तथा सास्कृतिक विकास मन्च (एशियन फोरम) को १८ औ साधारण सभा तथा ८ औं महाधिवेशनले श्रीकृष्ण अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

समितिको वरिष्ठ उपाध्यक्षमा मेनका पौडेल, उपाध्यक्षमा मिरा पौडेल, महासचिवमा सन्तोष बोगटी, सचिबमा दिपक राज रेग्मी, कोषाध्यक्षमा रमेश कुमार श्रेष्ठ र सदस्यहरुमा लक्ष्मण बानिया, बिजय गुरुङ, कमल रेग्मी, माया देबि शर्मा, दमन्ता खड्का र जूम बहादुर गुरुङ सर्वसम्मत चयन भएका छन् । त्यसै गरि संस्थाको संरक्षकमा संस्थापक अध्यक्ष



सिद्दीचन्द्र बराल, संस्थापक तथा पुर्व अध्यक्ष निरज थापा, निवर्तमान अध्यक्ष किस्मतमणी श्रेष्ठ र मनबहादुर श्रेष्ठ चयन भएका छन । कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका भौतिक योजना तथा यातायात मन्त्री कुमार खड्काले उद्घाटन गर्दै नेपालमै कही गर्न खोज्ने युवामैत्री व्यवसायीक योजना वनाउन प्रदेश सरकार लागि परेको वताउँदै कुनै पनि युवा विदेश जानै नपरोस, वाद्यतामा जान परेमा पनि सिप सिकेर मात्र जान आग्रह गर्नुभएको थियो । साथै उहाँले वैदेशिक रोजगारी बाट स्वदेश फर्केर ब्यबसायमा संलग्न युवाहरुलाई संगठित गर्न तथा उनिहरुको सिप र क्षमता अनुसारको व्यवसायमा एशियन फोरममा आवद्ध व्यवसायीहरुले सहजीकरण गर्नुपर्ने वताउँनु भएको थियो ।संस्थापक अध्यक्ष सिद्धिचन्द्र बरालले संस्था स्थापना देखि हालसम्म गरेका कार्यक्रमहरुको बारेमा बताउदै संस्थामा आबद्ध सदस्य तथा कोरिया स्थित दातृ संस्थाहरुलाई आभार व्यक्त गर्नु भएको थियो।

सो अबसरमा पोखरा उद्योग बाणिज्य संघका उपमहासचिव शोभा गौतम, भिटोफ गण्डकीका संस्थापक अध्यक्ष तथा पोखरा पर्यटन परिषद्का उपाध्यक्ष तारानाथ पहारी, कालाबाङ घरेडी घरबास कार्यक्रमका अध्यक्ष याम बहादुर गुरुङ लगाएतले कार्यक्रम सफलता शुभकामना व्यक्त गर्दै बिदेश बाट स्वदेश फिर्ता युवालाई राज्यले निति बनाएर देशमै केही गर्ने बाताबरण बनाउन आग्रह गरेका थिए । संस्थाका केन्द्रिय अध्यक्ष किस्मत मणि श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत दितिय उपाध्यक्ष मेनका पौडेलले र कार्यक्रम संचालन केन्द्रिय सदस्य मिरा पौडेलले गर्नु भएको थियो।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोखरामा 'माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय तेक्वान्दो' प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ असोज

पोखरामा बिहिबारदेखि 'तेश्रो माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला तेक्वान्दो च्याम्पियनसिप २०२२' जि-२ त्याकिङ तथा 'प्रथम जिसिएस माउन्ट एभरेष्ट अन्तर ाष्ट्रिय खुला पुम्से च्याम्पियनसिप-२०२२' सुरु भएको छ।

नेपाल तेक्वान्दो संघ, अर्न्तराष्ट्रिय नेपाली तेक्वान्दो संघ र गण्डकी प्रदेश तेक्वान्दो संयुक्त आयोजनामा सुरु भएको प्रतियोगिताको गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उद्घाटन गरेका हुन् । पोखरा रंगशालाको बहुउद्देश्यीय कभर्ड हल र ब्याटमिण्टन कोर्टमा सुरु भएको प्रतियोगिता भदौ ९ गतेसम्म चल्नेछ। गण्डकी प्रदेशका मुख्यमन्त्रीपोखरेलले प्रतियोगिताले नेपालको समृद्धि, पर्यटन, राष्ट्रियता र भाइचाराको सम्बन्ध बढाएको बताए। खेलाडीहरुले खेल खेल्ने काम मात्र होइन सद्भावना दुतका रुपमा अघि बढेको उनको भनाई थियो । प्रतियोगिताको महत्वलाई व्याक्ति, समाज र राष्ट्रले बुझेकाले तेक्वान्दोको विश्वस्तरीय प्रतियोगिता पोखरामा गर्न सहयोग गर्ने विश्व तेक्वान्दो महासंघलाई धन्यवाद दिए । आगामी दिनमा




गण्डकी प्रदेश भित्र खेल पूर्वाधार निर्माणका लागि केन्द्र सरकारसँग सहकार्य गर्दै अघि बढ्ने उनले प्रतिवद्धता जनाए । कार्यक्रममा विश्व तेक्वान्दो महासंघका अध्यक्ष डा. चुङ वाङ चोइले विश्वभरका तेक्वान्दो खेलाडी पोखरा आएर खेल्न पाउनु सौभाग्यको विषय भएको बताए । अन्नपूर्ण र माछापुच्छ्रेको काखमा तेक्वान्दो खेल्नु खेलाडीका लागि सुखद रहेका उनले सुनाए । एसियन तेक्वान्दो यूनियनका अध्यक्ष प्रोफेसर क्यू सिको लिले सुन्दर नगरी पोखरामा प्रतियोगिता आयोजना गरेर आयोजकले पोखरासँगको सामिप्यता बढाउने काम गरेको बताए । राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङले प्रतियोगिताले खेल क्षेत्र चलायमान गराएको बताए। प्रदेशमा खेल गतिविधि बढेकाले सरकारले पूर्वाधारमा विकासमा जोड दिनुपर्ने उनको भनाई थियो । प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले यस प्रतियोगिताले गण्डकीमा हुने नवौं खेलकुदलाई सहयोग पुऱ्याउने अपेक्षा गरे।

नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाश शमशेर राणा र कार्यकारिणी समितिका अध्यक्ष तथा गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन गुरुङले प्रतियोगिता लामो संघर्षपछि नेपालका भएकाले यसलाई सफल बनाउन सबैले सहयोग गर्नुपर्ने बताए । जसले गर्दा विश्वभरी नै राम्रो सन्देश जाने उनीहरुको भनाई थियो । तथा गण्डकी प्रदेश तेक्वान्दो संघका सचिव रमेश पौडेलका अनुसार प्रतियोगितामा सहभागी हुन १३ देशका १ हजार ४ सय २५ खेलाडी पोखरा आएका छन्। एउटै खेलका लागि यति ठुलो संख्यामा सहभागिता नेपाली खेलकुदको संभवत् इतिहासमानै पहिलो भएको दावी आयोजक संघले गरेको छ । प्रतियोगिता अन्तर्गत रंगशालाको बहुउद्देश्यीय कभर्ड हलमा जि-२ त्याकिङ तथा ब्याटमिन्टनको हलमा पुम्सेका खेलहरु भईरहेका छन् । प्रतियोगितालाई सफल बनाउन राष्ट्रिय खेलकुद परिषद, गण्डकी प्रदेश सरकार, यूवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगर पालिका, नेपाल ओलम्पिक कमिटि, प्रदेश खेलकुद परिषद गण्डकी, माछापुच्छ्रे बैंक लिमिटेड, हिमालयन एभरेष्ट इन्सोरेन्स लिमिटेड, कृषि विकास बैंक लिमिटेड, नेपाल एसविआई बैंक लिमिटेड, इन्टरनेशनल नेप्लिज तेक्वान्दो एसोसियसन, कर्माचार्य फुड्स एण्ड बेकर्स प्राली, नेपाल पर्यटन वोर्ड, पोखरा पर्यटन परिषद, वुद्ध इएर, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, हिमालयन अफिस अटोमेसन, भायनेट, नेपाल भूतपूर्व खेलाडी मञ्च लगायतको सहयोग गरेका छन् ।



भद्रकाली बहुमुखीमा भलिबल सुरुः पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली बहुमुखी क्याम्पसमा वर्षिक खेलकुद अन्तर्गत विहीवारदेखि छात्रा भलिबल सुरु भएको छ। भद्रकाली बहुमुखी क्याम्पस संचालक समितिका नवनिर्वाचित अध्यक्ष माधवप्रसाद सिग्देलले रेफ्री दिलिप गुरुङलाई भलिबल प्रदान गरी खेलको उद्घाटन गरेका थिए । प्रतियोगिता ९ गतेसम्म संचालन हुनेछ । भद्रकाली बहुमुखी क्याम्पसका प्रमुख नवराज रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा अतिरिक्त क्रियाकलापका संयोजक बुद्धिसागर सापकोटा, सह-संयोजक नरेन्द्र घिमिरेले खेल अनुशासन रुपमा संचालन गर्न सहजीकरण गरेका थिए। सो कार्यक्रममा सहायक प्रमुख नारायणप्रसाद सापकोटाले खेलकुद मैत्री वातवरणमा संचालन गरेका थिए।

# प्रगतिशिल प्राध्यापक संगठन पृथ्वीनारायण क्याम्पसको अध्यक्षमा नविन

पोखरापत्र संवाददाता
पोखरा, ६ असोज

नेपाल प्रगतशिलि प्राध्यापक संगठन पृथ्वीनारायण क्याम्पसको अधिवेशनवाट नविन अधिकारी प्यासी अध्यक्षमा चयन भएका छन् ।

बिहीवार भएको अधिवेशनले संगठनको उपाध्यक्षमा सुनिल गौतम, सचिवमा हिमलाल आचार्य र सहसचिवमा अर्जुनप्रसाद सुवेदी र



कोषाध्यक्षमा अर्जुन पोखेल चयन भएका हुन् । त्यसैगरी सदस्यहरुमा क्रमश लाक्पा छिरिङ गुरुङ, दुर्गा प्रसाद पौडेल, रेशम वहादुर सुवेदी, केशव अधिकारी, किशोर सापकोटा, रुद्रप्रसाद आचार्य, तारानाथ आचार्य, सविता वराल, गोविन्द सुवेदी र कुमार तामाङ रहेका छन् । नेपाल प्रगतिशिल प्राध्यापक संगठनका केन्द्रिय सचिव डा कृष्णराज अधिकारीले अधिवेशनको उद्घाटन गरेका थिए।

# संगीत प्रशिक्षण केन्द्रले भट्टाचार्य र न्यौपानेलाई पुरस्कार दिने

पोखरापत्र संवाददाता
पोखरा, ६ असोज

संगीत प्रशिक्षण केन्द्र पोखराले ललितकुमार हेलकुमारी बाटाजू स्मृति संगीत पुरस्कारबाट गायिक नुपुर भट्टाचार्य र अर्जुन नेपाली स्मृति संगीत पुरस्कारबाट लोकगायक पुरुषोत्तम न्यौपानेलाई पुरस्कृत गर्ने भएको छ।

प्रतिभा छनौट समितिका संयोजक तीर्थ श्रेष्ठको संयोजकत्वमा गठित समितिले यस वर्षको पुरस्कारका लागि ५ दशकदेखि नेपाली गीत संगीतको क्षेत्रमा क्रियाशील बालगीत, भजन, लोकगीत साथै सगुम संगीतको क्षेत्रमा योगदान दिएकी सुप्रसिद्ध गायिका नुपुर भट्टचार्यलाई सिफारिस गरेको हो । पुरस्कारको राशी नगद ५० हजार र सम्मानपत्र रहेको छ।

शास्त्रीय गायन र तबला वादनका प्रशिक्षक ललितकुमार बाटाजूले आफ्नै जीवनकालमा आफू र धर्मपत्नी हेलकुमारी बाटाजूको नाममा संगीत पुरस्कारका लागि अक्षकोष स्थापना गरेका थिए। उनीहरूको निधन पश्चात् छोराहरूले अक्षयकोषमा रकम थपी ३ लाख पुऱ्याएका थिए । प्रत्येक तिन तिन वर्षमा नेपाली संगीत क्षेत्रमा उल्लेखनीय योगदान दिने स्रष्टालाई केन्द्रले पुरस्कार प्रदान गर्दै आएको छ। वि.सं. २०६४ सालमा स्थापित ललितकुमार हेलकुमारी पुरस्कारबाट वरिष्ठ तवलावादक चन्द्रबहादुर बाटाजू, भैरव सांस्कृतिक संरक्षण समिति, मृदङ्गा वादक कृष्णबहादुर वैद्य, संगीतकार कृष्णबहादुर श्रेष्ठ, गायक विनोद बानियाँ सम्मानित भइसकेका छन् । अजुर्न नेपाली स्मृति संगीत पुरस्कारका लागि केन्द्रका सल्लाकार तथा संगीतकार कृष्णबहादुर श्रेष्ठको संयोजकत्वमा गठित प्रतिभा छनौट समितिले लोकगायक पुरुषोत्तम न्यौपानेलाई पुरस्कारका लागि सिफारिस गरेको हो। न्यौपानेले विगत ३ दशकदेखि नेपाली लोकगीत र संगीतको क्षेत्रमा क्रियाशील भई योगदान दिएका छन् । उक्त पुरस्कारको राशी नगद १० हजार र सम्मान पत्र रहेको छ । वि.सं. २०४६ सालमा स्थापित संगीत प्रशिक्षण केन्द्रका संस्थापक तथा संगीत प्रशिक्षक अर्जुन नेपालीले भायोलिन र अन्य संगीत सम्बन्धी प्रशिक्षण निःशुल्क गराउँदै नेपाली संगीतको क्षेत्रमा दीर्घकालीन योगदान दिएका थिए । संगीत प्रशिक्षण केन्द्रको विशेष पहल र परिवारको सहयोगमा २ लाखको अक्षकोष स्थापना गरी प्रत्येक दुई दुई वर्षमा नेपाली संगीतको उत्थानमा योगदान दिने व्यक्ति वा संस्थालाई पुरस्कार प्रदान गर्दै आएको छ। २०६२ सालमा स्थापित अर्जुन नेपाली स्मृति संगीत पुरस्कारबाट हालसम्म वरिष्ठ लोक गायिका विमा कुमारी दुरा, हिमाली साँस्कृतिक परिवार, वरिष्ठ लोक गायक प्रजापति पराजुली, संगीतकार विवि अनुरागी, गायक विवेक श्रेष्ठ, संगीतकार राजकुमार श्रेष्ठ, गायक खड्ग गर्वुजा र गायिका अनुदा थाप पुरस्कृत भइसेकेका छन्। दुवै पुरस्कार संगीत प्रशिक्षण केन्द्रले संयुक्त रूपमा यही असोज १० गते शनिबार भट्टाचार्य र न्यौपानेलाई अर्पण गर्ने जानकारी केन्द्रका अध्यक्ष गौतम विजुक्छेले दिए।

# स्याङ्जामा निर्वाचित र पराजित नौ सय १५ उम्मेदवारलाई जरिवाना

पोखरापत्र संवाददाता
वालिङ, ६ असोज

गतस्थानीय तहको निर्वाचनको खर्च विवरण नबुझाउने नौ सय १५ जना उम्मेदवारलाई जरिवाना तोकिएको छ। सो निर्वाचनमा उम्मेदवार बनी खर्च विवरण पेश नगर्ने स्याङ्जासहित देशैभरिका उम्मेदवारलाई निर्वाचन आयोगले जरिवाना तोकेको हो।

पाँच नगरपालिका र छ गाउँपालिका गरी ११ स्थानीय तह रहेको स्याङ्जामा नगरपालिकातर्फ प्रमुख-उपप्रमुखमा १७ र गाउँपालिकातर्फ अध्यक्ष-उपाध्यक्षमा २४ जनाले मत परिणाम आएको एक महिनाभित्र खर्च विवरण निर्वाचन कार्यालयमा नबुझाएपछि जरिवाना तोकिएको हो। त्यस्तै वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य तथा खुला सदस्यतर्फका आठ सय ७४ जनाले खर्च विवरण नबुझाएसँगै जरिवानामा परेका र खर्च विवरण नबुझाउने सबै उम्मेदरवारको नाम र जरिवाना रकमसहित निर्वाचन अयोग नेपालको वेबसाइटमार्फत सार्वजनिक गरिएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी रामचन्द्र गौतमले जानकारी दिनुभयो।

जिल्लाको गल्याङ नगरपालिकामा प्रमुख-उपप्रमुख गरी पाँच, चापाकोट नगरपालिकामा पाँच, पुतलीबजार नगरपालिकामा एक, भिरकोट नगरपालिकामा तीन र वालिङ नगरपालिकामा तीन जनालाई रु चार लाख ५० हजार जरिवाना तोकेको हो । त्यस्तै गाउँपालिकाको अध्यक्ष-उपाध्यक्षतर्फ अर्जुनचौपारी गाउँपालिकामा चार, आँधीखोला गाउँपालिकामा चार, कालीगण्डकी गाउँपालिकामा तीन, फेदीखोला गाउँपालिकामा दुई, बिरुवा गाउँपालिकामा पाँच र हरिनास गाउँपालिकामा छ जनालाई रु तीन लाख ५० हजार जरिवाना निर्वाचन आयोगले तोकेको छ। त्यसैगरी वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य तथा खुला सदस्यमध्ये गल्याङ नगरपालिकामा एक सय ३४, चापाकोट नगरपालिकामा एक सय ४१, पुतलीबजार नगरपालिकामा एक सय, भिरकोट नगरपालिकामा ८१ र वालिङ नगरपालिकामा एक सय नौ जनालाई जनही रु दुई लाख जरिवाना तोकेको छ।

त्यस्तै गाउँपालिकाको वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र खुला सदस्यतर्फ अर्जुनचौपारी गाउँपालिकामा ४७, आँधीखोला गाउँपालिकामा ६४, कालीगण्डकी गाउँपालिकामा ३६, फेदीखोला गाउँपालिकामा २४, बिरुवा गाउँपालिकामा ६४ र हरिनास गाउँपालिकामा ७४ जनालाई जनही रु एक लाख ५० हजार जरिवाना तोकिएको छ । स्थानीय तह निर्वाचन, २०७९ मा उम्मेदवार भई कानुनबमोजिम निर्वाचन खर्चको विवरण नबुझाउने तथा विलम्ब गरी बुझाउनेलाई निर्वाचन आयोगको निर्णयबमोजिम गत साउन ३१ गते सात दिनभित्र स्पष्टीकरण पेश गर्न समय दिए पनि उक्त समयभित्र चित्तोबुझ्दो स्पष्टीकरणरण नआएको निर्वाचन आयोगले जनाएको छ । सात दिनको अवधिभित्र स्पष्टीकरण नआएको, आए पनि ढिलो गरी आएकाले जरिवानामा परेका आयोगले जनाएको छ। निर्वाचन आयोगले दिएको सात दिनको अवधिमा उम्मेदवारले आफ्नो सफाइसहितको स्पष्टीकरण पेश गरेकामा सो स्पष्टीकरणको ब्यहोरामा कानुनको जानकारी नभएको, कार्यव्यस्तताले नभ्याएको, जिल्ला बाहिर रहनुपरेको, निर्वाचन हारेपछि निर्वाचन खर्च पेश गर्नुपर्छ भन्ने थाहा नभएको, विविध कारणले पेश गर्न नसकेको, बिरामी परेकोलगायतका विषय स्पष्टीकरणमा उल्लेख गरिएको र उक्त स्पष्टीकरण चित्तबुझ्दो नभएको पाइएको निर्वाचन आयोगको वेबसाइटमा उल्लेख छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# आचारसंहिता देखाउने गहना नहोस

निर्वाचन आयोगले कर्मचारीको सरुवा रोक्न र सरुवा भएका कर्मचारीलाई तत्काल रमाना दिन सरकारलाई निर्देशन दिएको छ । निर्वाचन आयोगले जारी गरेको आचारसंहिता कार्यान्वयनका लागि सरकार इमानदार हुनुपर्छ । यस पटकको निर्वाचनमा कर्मचारी, सुरक्षाकर्मीले समानुपातिकमा मतदान गर्न पाउने भएका छन।कर्मचारी र सुरक्षाकर्मीको अस्थायी मतदाता नामावली संकलनका लागि कर्मचारी कहाँबाट कार्यरत रहन्छन् संकलनका बेला यकिन हुनुपर्छ । सरकारले जतिबेला पनि सरुवा गर्ने गर्दा मतदाता नामावलीमा छुट्न सक्छ । निर्वाचनको घोषणा पछि कर्मचारी सरुवा गर्नु गलत हो । आयोगको अनुमति नलिई जथाभावी सरुवा गर्नु आचारसंहिता विपरीत हुन्छ ।

निर्वाचन आयोगको अनुमति नलिई कुनै पनि कर्मचारीको सरुवा नगर्न नगराउन र असोज ५ गतेसम्म सरुवा भइसकेको अवस्था भए तत्काल रमाना असोज ९ गतेसम्म सम्बन्धित कार्यालयमा हाजिर भईसक्ने व्यवस्था गर्न निर्देशन दिएको छाअटेर गर्ने सरकारलाई म्याद तोक्नु आवश्यक छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत नेपाल सरकार, सबै प्रदेश सरकार र सबै स्थानीय तहहरूलगायत सबै सार्वजनिक निकायहरूलाई निर्देशन दिएको आयोगले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

मंसिर ४ गते हुने निर्वाचनका लागि असोज ६ गतेदेखि अस्थायी मतदाता नामावलीमा कर्मचारीहरुको नाम समावेश गर्ने प्रक्रिया प्रारम्भ भएकाले सरुवा तथा रमाना बारे आयोगले निर्देशन दिएको छ । यो अति जरुरी हो । निर्वाचन मिति घोषणा भएको अवस्थामा विभिन्न तहका सरकार तथा सार्वजनिक निकायले कर्मचारी सरुवा गरिदिँदा अस्थायी मतदाता नामावली संकलनको कार्यमा वाधा उत्पन्न हुने आयोगले स्वीकारेको छ । यसले समग्र निर्वाचन व्यवस्थापनमा समेत प्रतिकूल प्रभाव पार्ने हुँदा निर्वाचन सम्बन्धी कानूनी व्यवस्थाबमोजिम असोज ६ देखि निर्वाचन सम्पन्न नभएसम्मका लागि यस प्रक्रिया रोक्नुपर्ने आयोगको भनाइ छ ।

निर्वाचन आयोगले आचारसंहिता जारी गर्ने सरकार आफ्नो धन्दा चलाइरहने गरेको छ । निर्वाचनलाई प्रभावित पार्न सुरक्षाकर्मी र कर्मचारी सरुवा जारी छाप्रहरीका सबैजसो जिल्लामा सत्ता गठबन्धनले भनेको मान्नेलाई कमान्डर बनाएको छ । कर्मचारी सरुवा कहिलेसम्म गरिरहने हो टुंगो छैन । निर्वाचनलाई निष्पक्ष, विश्वासिलो र स्वच्छ तरिकाले सम्पन्न गर्न त्यस्तै खाले सरकार चाहिन्छ । हाम्रोजस्तो देशमा डाडु पनीयो हातमा हुनेले सबै आफ्नै भागमा हाल्छन।राज्यशक्तिको दुरुपयोग गरेर चुनाव जित्ने प्रबृत्ति रहेसम्म निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वासनीय हुन सक्दैन । साधन श्रोत सरकारले प्रयोग गरुन्जेल निर्वाचनमा स्वच्छताको आशा गर्न सकिदैन । आचारसंहितामा केन्द्र र प्रदेश सरकारका मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यले वार्षिक बजेट र कार्यक्रममा स्वीकृत भएका बाहेकका अरु कार्यक्रम घोषणा गर्न र बजेट छुट्याउन पाउने छैनन् ।

कुनै योजनाको शिलान्यास, उद्घाटन, सर्वेक्षण गर्न पाउने छैनन् भने त्यसका लागि अनुदान दिन पनि पाउने छैनन् । त्यस्तै केन्द्र र प्रदेश सरकारका मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यले कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न र नियुक्त गर्न पनि पाउने छैनन् । आचारसंहिता जारी पछि मतदाता प्रभावित पार्न छापामार शैलीमा विघयेक ल्याउने र द्रुत मार्गबाट पास गराउने काम पनि अनैतिक हो । यस्ता काम पनि निर्वाचन आचार संहिताका विपरीत हो । निर्वाचन आयोग सरकारसंग लतारिनु हुँदैन । सरकारलाई ठीक ठाउँमा राख्न कार्यान्वयनमा जोड दिनु अहिलेको मुख्य काम हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मनाङको शैक्षिक अवस्था : शिक्षक छन्, विद्यार्थी छैनन्

**पोखरापत्र संवाददाता**
**मनाङ, ६ असोज**

हिमाली जिल्ला मनाङका अधिकांश विद्यालय बाल विकास कक्षाका भरमा मात्र अडिएका छन् । विद्यालय भए पनि विद्यार्थी न्यून छन् । अभिभावकले बालबालिकालाई अन्यत्र सार्ने गरेका कारण बाल विकास कक्षाबाहेकका विद्यार्थी न्यून भएका हुन् ।

शिक्षा विकास तथा समन्वय एकाइका अनुसार जिल्लाका २८ मध्ये १४ विद्यालयमा बाल विकास कक्षा मात्रै सञ्चालनमा छन् । नासों गाउँपालिकामा आठ, मनाङ डिस्याङ गाउँपालिकामा दुई, चामे गाउँपालिकामा दुई र नार्पाभूमि गाउँपालिकामा दुई विद्यालयमा बाल विकास कक्षामा मात्रै विद्यार्थी रहेको शिक्षा विकास तथा समन्वय एकाईका प्रमुख मतिलाल चपाईले जानकारी दिनुभयो । “भवन र शिक्षक भएका ती विद्यालयमा बालविकास कक्षाको पढाए सकिना साथ विद्यालय रित्तिने गरेका छन्”, उहाँले भन्नुभयो ।

मनाङमा बाढी पहिराको जोखिम र विद्यालय टाढा भएकाले विद्यार्थी घटेको हुनसक्ने अनुमान गरिएको छ । जोखिम अवस्थामा रहेका विद्यालयको अवस्थाले पनि विद्यार्थी अन्यत्र सरेको उहाँको भनाइ छ । शैक्षिक सुधारका विभिन्न कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिए पनि विद्यार्थी भने न्यून रहेको चपाईले बताउनुभयो । विद्यार्थी शून्य हुँदै जानुका विषयमा स्थानीय सरकारसमक्ष विभिन्न तवरबाट छलफल भइरहेको उहाँले बताउनुभयो ।

जिल्लाका चार पालिकाका विभिन्न विद्यालय विद्यार्थीविहीन भएका छन् । “विद्यालय भवन र शिक्षक छन् । विद्यार्थी छैनन् । यस्तो अवस्थामा विद्यालय बन्द गर्नुबाहेक कुनै विकल्प छैन”, चपाईले भन्नुभयो, “केही विद्यालयमा इसिडीका विद्यार्थी छन् ।” बाढीपहिराको जोखिम, विद्यालयटाढाहुँदाअभिभावकले बालबालिकालाई जिल्ला बाहिर आफन्तकोमा वा छात्रावासमा राखी पठनपाठन गराइरहेको अनुसन्धानका क्रममा पाइएको उहाँले बताउनुभयो ।

जोखिमरहित तवरबाट बालबालिकालाई पठनपाठनको व्यवस्था भएमा आफूसँगै राखेर पढाउने अभिभावकको भनाइ छ । बाल विकासदेखि कक्षा १२ सम्म कूल पाँच सय ४५ विद्यार्थी तथा एक सय ६१ शिक्षक रहेको शिक्षा विकास तथा समन्वय एकाइ मनाङले जनाएको छ ।

# पहिरो र नदी कटानको उच्च जोखिममा बगरफाँट

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ६ असोज**

सिरानमा विशाल भीरबाट खस्ने पहिरो र पुछारमा म्याग्दी नदीको तीव्र कटानका कारण म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँट गाउँ उच्च जोखिममा पर्दै जान थालेको छ ।

विसं २०५७ देखि म्याग्दी नदीले कटान गर्न सुरु गरेको बगरफाँटमा रहेका दुई सय घरधुरी वर्षाको समयमा गाउँको सिरानबाट खस्ने पहिरो र गाउँको पुछारमा उर्लिंदै बग्ने म्याग्दी नदीको कटानबाट बर्सेनि त्रसित हुने गरेका छन् । म्याग्दी नदीको कटान नियन्त्रणका लागि बर्सेनि नदी किनारमा ग्याबिन जाली भर्ने गरिएको भए पनि वर्षामा ढुङ्गा र लेदोसहित उर्लिएर आउने म्याग्दी नदीको तीव्र गतिका कारण नियन्त्रण हुननसकेको स्थानीयवासीले बताएका छन् । “गाउँ जोखिममा छ, सिरानबाट खस्ने पहिरो र पुछारमा बग्ने नदीका कारण वर्षामा कहिल्यै पनि ढुक्कसँग सुत्न सकिँदैन, कतिबेला के हुन्छ भन्ने त्रास सधैंभरि रहिरहन्छ”, बगरफाँटका ७६ वर्षीय डिलबहादुर घिमिरेले भन्नुभयो ।

म्याग्दी नदीको कटानका कारण बगरफाँटको एक सय ५० रोपनी क्षेत्रफलभन्दा बढी खेतीयोग्य जमिन नाश भइसकेको र नदी कटानको समस्या अझै विकराल बन्दै गएको स्थानीय बुद्धिजीवी तथा नदी नियन्त्रणका लागि वर्षौंदेखि लागिपर्नु भएका म्याग्दी नदी कटान नियन्त्रण योजना उपभोक्ता समितिका अध्यक्ष नारायणबहादुर कार्कीले बताउनुभयो । उहाँका अनुसार बेनी नगरपालिका-३ को तारो खेतबाट बगेर बगरफाँटको सिरानमा अवस्थित विशाल पहरो हुँदै आउने पहिरो नियन्त्रण सम्भव नभए पनि नदी कटान नियन्त्रण गर्नसके केही मात्रामा भए पनि गाउँ सुरक्षित हुन्छ । गाउँको सिरानमा रहेको विशाल पहिरो नियन्त्रणका लागि स्थानीय तहको प्रयासले मात्र नहुने हुँदा प्रदेश वा सङ्घबाट नै ठूलो योजना आवश्यक पर्ने देखिएको छ । तर, यसतर्फ यहाँका कुनै पनि राजनीतिक दलले चासो नदेखाएकाले यो समस्या विकराल बन्दै जाँदा सदरमुकाम बेनी बजारलाई समेत प्रभाव पार्ने स्थानीय बुद्धिजीवीको भनाइ छ ।

पहिरो र नदी कटानका कारण सुन्दरबस्ती र कृषि उपजका लागि उर्वर फाँट रहेको बगरफाँट बर्सेनि साँघुरिँदै जान थालेको छ । आप्रे र उडाइनो छहराको बीचबाट खस्ने पहिरोका कारण गाउँको सिरानमा रहेको जङ्गल नासिँदै गएको छ भने बस्ती मासिँदै गएको छ । पहिरोले गाउँ कुरूप बन्दै जान थालेको र सिरानका पाँच घरपरिवार आफ्नो घर नै छोडेर बसाइँ सरिसकेको स्थानीयवासी कृष्ण रिजालले बताउनुभयो । त्यसैगरी म्याग्दी नदीको कटान नियन्त्रणका लागि अहिलेसम्म करोडौं रुपैयाँ लगानी गरेर ग्याबिन पर्खाल लगाउने काम भए पनि त्यो प्रभावकारी हुन नसकेको स्थानीयवासीको गुनासो छ ।


## पसल बिक्रीमा

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तु: विक्रीमा छ ।

सम्पर्क:
९८२७१९९५८६
९८१९१७११७८


# पोखरा ट्रेड मलको थप पाँच जनालाई उपहार

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असोज**



पोखराको चिप्लेढुँगामा रहेको पोखरा ट्रेड मलले नेपालीहरुका चाडपर्व दशैं तिहारलाई लक्ष्य गरेर ल्याएको ‘नगदै नगदको वर्षा’ उपहार योजना अन्तर्गत दोस्रो पाक्षिक उपहार विजेता छानिएका छन् । उत्सव व्यवस्थापन समिति र पोखरा ट्रेड मल व्यवस्थापन समितिले बिहीबार ग्राहकहरुको उपस्थितिमा दोस्रो पाक्षिक उपहार विजेता छनोट गरेको हो ।

उपहार योजनामा प्रेम गुरुङले १० हजार रुपैयाँ पुरस्कार पाए । साइना गुरुङले रु दुई हजार ५०० साथमा रु एक हजार बराबरको फेसियल कुपन, यसैगरी कृष्टि थापाले रु दुई हजार र पोखरा सिनेप्लेक्सको टिकट जितेका छन् । यसैगरी नवराज दवाडीले एक हजारको साथमा क्लासिक चुलोमा डिनर कुपन र नविना पुनले फिस्टेल ड्रिम पार्कमा एक दिनको कुपन पाएको उत्सव व्यवस्थापन समितिका अध्यक्ष नवराज त्रिपाठीले जानकारी दिए । ट्रेड मल व्यवस्थापन समिति र व्यवसायीहरुले यही भदौ १ देखि कात्तिक ३० गतेसम्म लागू हुने गरी सो उपहार योजना ल्याएका हुन् । चाडपर्वका अवसरमा विगतदेखि नै विभिन्न उपहार योजनामार्फत ग्राहक आकर्षित गर्दै आएको मलले यस वर्ष धेरै भन्दा धेरै ग्राहकलाई नगद उपहार प्रदान गर्न नगद वर्षा उपहार योजना ल्याएको अध्यक्ष त्रिपाठीले बताए ।

उपहार कुपन घोषणा कार्यक्रममा पोखरा ट्रेड मलका सञ्चालकहरु वासुदेव पराजुली, सन्तोष घिमिरे, राजुकुमार शर्मा, उत्सव व्यवस्थापन समितिका उपाध्यक्ष सिमा कोइराला, सचिव रमेश बराल, कोशाध्यक्ष रघु दवाडी, सह कोशाध्यक्ष धर्मदत्त अधिकारी, सदस्य सचिव अग्नि भुसाल, सदस्य नबराज ढुङ्गाना, राजिव क्षेत्री, सल्लाहकार गोपाल प्रसाद बाटाजु लगायतको उपस्थिति रहेको थियो । सोही अवसरमा अघिल्लो पटकका विजेता आरुश खनाललाई रु १० हजार पुरस्कार हस्तान्तरण गरिएको थियो । मलको चाडपर्व उपहार योजना अन्तर्गत ट्रेड मलभित्र पाँच सय रुपैयाँभन्दा माथिको सामान खरीदमा ग्राहकले निःशुल्क उपहार कुपन प्राप्त गरी लाखौंको उपहार जित्न सक्नेछन् । पाक्षिक उपहार योजनाका विजेताले रु एक हजारदेखि रु १० हजारसम्म नगदका साथै गिफ्ट ह्याम्पर तथा सपिङ भौचर प्राप्त गर्नेछन् भने बम्परमा रु एक लाख पुरस्कार जित्न सक्ने व्यवस्था मिलाइएको मलले जनाएको छ ।

# लामिछाने परिवारलाई एलआईसी नेपालको मृत्यू दावी भुक्तानी

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असोज**



पोखरा महानगरपालिका वडा नं. २७ निवासी स्वर्गिय बलराम लामिछानेका परिवारलाई विहिबार एलआईसी नेपाल लिमिटेडले मृत्यू दावी वापतको चेक हस्तान्तरण गरेको छ ।

स्वर्गिय लामिछानेकी पत्नी गोमा कुमारी लामिछानेलाई पोखरा महानगरपालिका वडा नं. २६ का वडाध्यक्ष नरेन्द्र थापा र एलआईसी नेपाल लेखनाथ शाखाका प्रमुख सुरज भट्टले विमा वापत दुई लाख ७२ हजार ८ सय रुपैयाको चेक हस्तान्तरण गरेका हुन । मृत्यूदावी चेक हस्तान्तरण गर्दै, वडाध्यक्ष थापाले लामिछानेले परिवारले असल अभिभावक गुमाएकोमा दुःख व्यक्त गर्दै, मृत्यू दावी वापतको रकमले परिवारलाई थोरै भएपनि आर्थिक सुरक्षा प्रदान गरेको बताए । अध्यक्ष थापाले न्यून र मध्यम बर्गिय परिवारमा विमाको पहुच पुग्नु पर्ने उल्लेख गर्दै, विमा सचेतना कार्यक्रम संचालन गर्न जोड दिए । एलआईसी नेपाल लेखनाथ शाखाका प्रमुख सुरज भट्टले स्वर्गिय लामिछानेको परिवारमा अभिभावक नहुँदाको पिडामा आर्थिक सुरक्षणका रुपमा विमाको रकमले सानो भएपनि योगदान दिएको बताए । उनले विमाको विषयमा गलत वुझाई हुँदा अझै पनि ठुलो संख्या विमाको पहुँच भन्दा बाहिर रहेको बताए ।

लामिछाने का पोखरा महानगरपालिकामा नायव सुब्बाका रुपमा कार्यरत रहँदा गत माघमा निधन भएको थियो । साविक लेखनाथ नगरपालिकाले लामिछानेको दुई लाख रुपैया विमाङ्कको दश बर्षे सावधिक जीवन बिमा गरिदिएको थियो ।

लामिछानेलेको सात किस्ता रकम तिरेपछि निधन भएको थियो । चेक हस्तान्तरण कार्यक्रममा पोखरा महानगरपालिका वडा नं २६ का वडा सदस्य तिर्थबहादुर राजभाट, वडा सचिव मिना भट्टराई भण्डारी, कर्मचारीहरु लिलामणि भण्डारी र नवराज सापकोटाको सहभागिता रहेको थियो ।


## सुरक्षा गार्ड तथा सरसफाईका लागि प्रस्ताव आव्हान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/६/७)**

**गण्डकी प्रदेशको पोखरामा यही मिति २०७९।६।२८ गतेदेखि ०७९।७।३ गतेसम्म आयोजना हुन गईरहेको नवौं राष्ट्रिय खेलकुद-२०७९ को सिलसिलामा पोखरा रंगशालाका गेटहरुमा दैनिक तथा नियमित रुपमा पहरा दिन तपसीलका संख्यामा सुरक्षागार्ड तथा पोखरा रंगशाला कभर्डहल सहित पोखरामा हुने खेलस्थलहरुमा रहेका शौचालय र परिसरमा नियमित सरसफाईका लागि (कुचीकार सहित आवश्यक सरसामान) आवश्यक परेको हुनाले ईच्छुक फर्म/संस्था/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र सिलवन्दी कोटेशन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसील**

१) सुरक्षागार्ड संख्या–८ (आठ)
मिति २०७९/६/२० गतेदेखि २०७९/७/१० गतेसम्मका लागि ।

२) सरसफाई व्यवस्थापन
मिति २०७९/६/२१ गतेदेखि २०७९/७/४ गतेसम्मका लागि ।

**नवौं राष्ट्रिय खेलकुद-२०७९**
**कार्यकारी समितिको सचिवालय**
**पोखरा, गण्डकी प्रदेश**

# जग्गा बाँझो हुने क्रम रोक्न अनुदान

पोखरापत्र संवाददाता

दमौली, ६ असोज

युवाशक्ति विदेशिँदा गाउँघरका खेत बाँझो हुने क्रम बढेको छ। घरमा ज्येष्ठ नागरिक, महिला र बालबालिका मात्रै हुँदा खेतबारीमा खेती गर्ने क्रम घट्दो अवस्थामा छ। उर्बरभूमि बाँझो राखी बजारबाट खाद्यान्न खरिद गरी उपभोग गर्ने क्रम बढेको छ।

बाँझो रहेका जग्गालाई पुनः उर्बर बनाउन तनहुँका स्थानीय तह र कृषिसँग सम्बन्धित निकायले प्रोत्साहन गर्ने नीति ल्याएका छन्। बाँझो जमिन उपयोग गरी खेती गर्नेलाई अनुदान दिने व्यवस्थाले कृषकहरू यसतर्फ आकर्षित हुने विश्वास गरिएको छ। कृषि ज्ञान केन्द्र तनहुँले बाँझो जग्गामा व्यावसायिक खेती प्रोत्साहन कार्यक्रम अगाडि बढाएको छ। यसका लागि चालु आर्थिक वर्षमा रु १० लाख विनियोजन गरिएको ज्ञान केन्द्रका प्रचार-प्रसार अधिकृत राजेश्वर सिलवालले जानकारी दिनुभयो। यो कार्यक्रममा कृषक, कृषि फार्म, कम्पनी, समूह, सहकारी संस्था सहभागी हुन पाउनेछन्। बाँझो जमिनमा खेती गर्नेलाई प्रतिरोपनी रु पाँच हजारका दरले अनुदान प्रदान गरिनेछ। कार्यालयले चालु आर्थिक वर्षमा १० हेक्टर क्षेत्रफलमा यो कार्यक्रम सञ्चालन गर्ने सिलवालले बताउनुभयो। पहिले खेती गरिएका तर विविध कारणले विगत कम्तीमा तीन वर्षदेखि बाँझो रहन गएका जग्गा भाडामा वा स्वयं धनीले जग्गामा पुनः खेती गरे अनुदान दिइने उहाँले बताउनुभयो। "गाउँघरमा प्रशस्त जग्गा हुँदाहुँदै पनि युवाशक्ति विदेशिनु, बसाइँसराइ गरी सहर फिर्नुलगायतका कारणले जग्गा बाँझो हुने क्रम बढ्दो छ", उहाँले भन्नुभयो, "बाँझो रहेको जग्गालाई प्रयोग गरी खेती गराउन प्रोत्साहनको नीति अगाडि सारिएको हो।" उहाँका अनुसार न्यूनतम तीन रोपनी क्षेत्रफल भएको बाँझो जग्गामा व्यावसायिक खेती गर्नुपर्नेछ। ज्ञान केन्द्रले आलु खेती प्रवर्द्धन विशेष कार्यक्रमअन्तर्गत कृषकलाई ९० प्रतिशत अनुदानको व्यवस्था मिलाएको छ। यसका लागि रु २४ लाख बजेट विनियोजन गरिएको छ। यो कार्यक्रम कृषक समूह वा सहकारीमार्फत सञ्चालन गरिनेछ।

कार्यक्रम सञ्चालनका लागि प्रत्येक क्लष्टरमा कम्तीमा १० घरधुरी संलग्न हुनुपर्ने, छनोट भएका क्लष्टरमा प्रत्येक घरधुरीले कम्तीमा थप तीन रोपनी क्षेत्रफलमा खेती लगाउनुपर्ने मापदण्ड बनाइएको छ। आलुखेतीका लागि आवश्यक बीउ, यन्त्र, उपकरण खरिद, सिँचाइ व्यवस्थापन, ग्रेडिङ, प्याकेजिङ, लेबलिङ, सामग्री खरिद, भण्डारण र बजारीकरणमा क्षेत्रमा काम गर्न सकिने ज्ञान केन्द्रले जनाएको छ। केन्द्रले क्षेत्रफलका आधारमा तरकारी उत्पादन गर्नेलाई अनुदान दिने कार्यक्रम ल्याएको छ। यसका लागि रु २४ लाख बजेट विनियोजन गरिएको छ। दलित, महिला, जनजाति, मुस्लिम, पिछडिएको वर्गलाई प्राथमिकता दिई यो कार्यक्रम सञ्चालन गरिएको केन्द्रले जनाएको छ। कार्यक्रममा सहभागी हुने फार्म, कम्पनी, कृषकले कम्तीमा दुई रोपनी क्षेत्रफल वा न्यूनतम दुई सय वर्गमिटर क्षेत्रफलको प्लाष्टिक घरभित्र वर्षमा कम्तीमा दुई सिजन तरकारी खेती गरेको हुनुपर्ने जनाइएको छ। शुक्लागण्डकी नगरपालिकाले पनि बाँझो जमिन उपयोग प्रोत्साहन कार्यक्रम ल्याएको छ। विविध कारणले तीन वर्षदेखि बाँझो रहेको न्यूनतम तीन रोपनी क्षेत्रफल भएको जग्गामा खेती गरेवापत प्रतिरोपनी रु तीन हजारका दरले अनुदान उपलब्ध गराइने प्रमुख प्रशासकीय अधिकृत लिलाबल्लभ न्यौपानेले जानकारी दिनुभयो। "नगरपालिकाभित्र बाँझो रहेका जमिनमा खेती गराउनका लागि आकर्षित गर्ने उद्देश्यस्वरुप अनुदानको कार्यक्रम अगाडी बढाइएको हो," उहाँले भन्नुभयो, "यो कार्यक्रममार्फत् बाँझो जमिनमा खेती गर्न कृषकको आकर्षण बढ्ने विश्वास गरेका छौ।"

नगरपालिकाले चालु आर्थिक वर्षमा नै कृषकलाई अनुदानमा कृषि उपकरण वितरणको तयारी थालेको छ। पचास प्रतिशत अनुदानमा हाइटेक तरकारी प्लाष्टिक घर निर्माण, ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल वितरण, ५० प्रतिशत अनुदानमा असिना छेक्ने जाली वितरण, ५० प्रतिशत अनुदानमा मौरीघार वितरण र कृषि यान्त्रिकरण वितरणको कार्यक्रम ल्याइएको नगरपालिकाले जनाएको छ।

# ऐतिहासिकस्थल तनहुँसुरमा विश्व पर्यटन दिवस मनाइने

पोखरापत्र संवाददाता

दमौली, ६ असोज

तनहुँको व्यास नगरपालिका-११ को ऐतिहासिकस्थल तनहुँसुरमा ४३औं विश्व पर्यटन दिवस मनाइने भएको छ। तनहुँसुर सुन्दर, शान्त एवं सुरक्षित पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि 'रिथिङकिङ टुरिज्म' भन्ने नारासहित सेप्टेम्बर यही असोज ११ गते यहाँ दिवस मनाउन लागिएको हो।

तनहुँसुर देवस्थल सामुदायिक घरवास (होमस्टे) र तनहुँसुर घरवास (होमस्टे) को व्यवस्थापनमा पर्यटन दिवस मनाउने तयारी भएको पर्यटनविद एवं सम्पदा नेपालका अध्यक्ष हरिसिंह गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार दिवसका अवसरमा होमस्टेको अवलोकन, होमस्टेको सामुदायिक भवनको अवलोकन, 'रिथिङकिङ टुरिज्म' को विषयमा अन्तरक्रिया गरिने, स्थानीय क्लब र होमस्टेको सांस्कृतिक कार्यक्रम गरिनेछ।


## पाल्पा कोलोनी निर्माण तथा संचालन कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०७)**

**गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.२२ मा श्री पाल्पा कोलोनी प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।**

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | पाल्पा कोलोनी प्रा.लि, गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २२ |
| प्रस्तावको व्यहोरा | पाल्पा कोलोनी निर्माण तथा संचालन |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा. | कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २२ |
| कुल जग्गाको क्षेत्रफल | १०.४ रोपनी (५१०७.८६ बर्ग मि ) |
| कित्ता नं. | ९७३, ९७४, ९७७, २०८१५.२०८१६ |
| जम्मा भबन संख्या | २३ |

**उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।**

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१) पोखरा महानगरपालिका, महानगरपालिकाको कार्यालय न्युरोड कास्की
फोनः +९७७ ६१-५२११०५, ५२५३४०, ५२११०४, ५२१४६०
इमेल : info@pokharamun.gov.np

२) ग्रीनाहेराल्ड इन्भाईरोमेन्ट एण्ड इन्जिनियरीङ कन्सल्टेन्सी प्रा.लि.
बानेश्वर काठमाडौं
फोन : ९८४६४०४११८
ईमेल : purisajan23@gmail.com



## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गण्डकी प्रदेश, स्याङजा जिल्ला

### नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी मिति २०७९।६।६ गते पोखरापत्र राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशित सूचनामा ठेक्का नम्बर र बोलपत्रको नाम संशोधन गरिएको बारे (संशोधन मिति २०७९।६।७)

१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र यस वालिङ नगरपालिकको आन्तरिक आय संकलन तथा आय ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यविधि २०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखीत नदी/खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी वालिङ नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आर्थिक वर्ष २०७९/२०८० को लागी नवीकरण भएको प्रमाणपत्र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ.व. २०७७/२०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं | सूचना नं./ बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन परिमाण (घन मिटर) | न्युनतम बोलपत्र रकम मु क. कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | ठेक्का न. ३/ २०७९/२०८० | भिरकोट नगरपालिकाको सीमाना ओढारे देखि सुकौदी पुलको मापदण्डसम्म वालिङ नगरपालिकाको वडा न १/६/९ र ११। | 23464 | 5795608.0 | 159380.0 | 3000.0 |
| २. | ठेक्का न. ४/ २०७९/२०८० | सुकौदी पुलको मापदण्डदेखि तल गल्याङ नगरपालिकाको सिमानासम्म वालिङ ८/९/१०/१३। | 59140 | 4243954.00 | 116709.0 | 3000.0 |

**शर्तहरु**

२) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयको राजश्व खातामा नगदै तिरेको वा यस कार्यालयको नेपाल बैक ली. वालिङ शाखामा रहेको यसक कार्यालयको खाता नं. ०८३०३०००००१००१०००००१ म नगदै जम्मा गरेको नगद वा बैक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र बैक जम्मा गरेको बैक भौचर वा यस कार्यालयको राजश्व शाखामा राजश्व रकम तिरी बोलपत्र खरिद र यस कार्यालयमा दर्ता गर्न सकिनेछ। आफूले बोलकबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैक लि. वालिङ शाखामा रहेको धरौटी खाता नं. ०८३०३००००००३०००००००००१ म जम्मा गरी सोको संकल बैक भौचर वा ईजाजत प्राप्त बैकबाट यस कार्यालयको नाम बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड बण्ड पेश गर्नु पर्नेछ।

३) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन् र रीतपूर्वक पर्न आएका वोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ वजे देखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन्। उक्त दिन विदा परेका सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

४) प्रि विड बैठक यो सूचना प्रकाशित मितिले १५ दिन दिनको २ वजे वालिङ नगरपालिकाको कार्यालयमा हुनेछ। इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

५) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदाँ सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाधी रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन् वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित हरने छ।

६) बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलेमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मु. अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत रु.५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा २०७९ साल जेष्ठ १५ गतेसम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टी -परफरमेन्ट बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सो वा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस वालिङ नगरपालिका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा तथा ढुङ्गा गिटी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**८) बोलपत्र फाराम खरिद/दर्ता गर्ने समयः**

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः २०७९/७/४ गते कार्यालय समयसम्म। | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०७९/७/६ गते, समयः १२.०० बजे भित्र | बोलपत्र खोल्ने मिति २०७९/७/६ गते समय २.०० बजे |